अनुसूची- २
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ४ प्रमाणिकरण मितिः २०८१/०३/०२ प्रकाशन मितिः २०८१/०३/०२

## भाग – २

### भजनी नगरपालिका विपद् राहत वितरण मापदण्ड,२०८१

**प्रस्तावना**

भजनी नगरपालिका विभिन्न प्रकोपहरुसंग सम्मुख रहेको, प्रकोपहरु विपद्को रुपमा परिवर्तन भै आपतकालीन अवस्था आउने गरेको र जीउधनको क्षति भैरहेको, क्षति नोक्सानी कम गर्ने उदेश्यलेस्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२),दफा ११ को उपदफा २ को खण्ड (न) (८) र भजनी नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी भजनी नगरपालिकाले विपत राहत वितरणमापदण्ड २०८१ जारी गरेको छ।

### १. नाम र परिभाषा

**१ संक्षिप्त नाम र प्रारम्भ : १.**यस मापदण्डको नाम **भजनी नगरपालिका विपद् राहत वितरण मापदण्ड २०८१** रहेकोछ।

२.यो मापदण्ड कार्यपालिका बैठकबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा**

(क) “आपतकालीन अवस्था” भन्नाले जन वा धनको क्षति हुन नदिन वा कम गर्नका लागि तत्कालै उद्धार गर्नुपर्ने विपदको अवस्था सम्झनुपर्छ।

(ख) “आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना” भन्नाले भजनी नगरपालिकाको आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई सम्झनुपर्छ

(ग) “आपतकालीन कोष” भन्नाले भजनी नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन कोषलाई सम्झनुपर्छ|

(घ) “उप प्रमुख” भन्नाले भजनी नगरपालिकाको उप प्रमुखलाई सम्झनुपर्छ।

(ङ) “केन्द्र” भन्नाले भजनी नगरपालिकामा रहेको आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सम्झनुपर्छ।

(च) “गैर प्राकृतिक विपद्”भन्नाले महामारी, अनिकाल, डढेलो, सर्पदंश, जनावर आतङ्क, हवाई, सडक, जल वा औधोगिक दुर्घटना, आगलागी, ग्याँस विष्फोटन, वातावरणीय प्रदुषण,वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप, उद्धार कार्यमा हुने दुर्घटना वा अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनुपर्छ।

(छ) “प्रमुख” भन्नाले भजनी नगरपालिकाको नगर प्रमुखलाईसम्झनुपर्छ।

(ज) “प्रमुख प्रशासकिय अधिकृत”भन्नाले भजनी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ।

(झ)“प्राकृतिक विपद्”भन्नाले हिमपात, असिना, अतिवृष्टि, अनाबृष्टि, बाढी, भुस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग,भुकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

(ञ) “राहत” भन्नाले विपद्को समयमा वा विपद्बाट प्रभावित हुन सक्ने अवस्थामा जीवन सुरक्षा गर्न, जिउधनमाथि असर कम गर्न, मानवीय पीडा कम गर्न र मानवीय आत्मसम्मान सुनिश्चित गर्न प्रदान गरिने नगद र जिन्सी सहयोगलाई सम्झनुपर्छ ।

(ट) “विषयगत क्षेत्र”भन्नाले भजनी नगरपालिकाको आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने संगठनात्मक संरचनामा रहेको र विभिन्न विषयमा पूर्वतयारी तथा प्रतिकार्य गर्ने समुह वा कार्यटोलीलाई सम्झनुपर्छ ।

(ठ)“विपद्”भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ ।

(ड) “विपद व्यवस्थापन समिति” भन्नालेभजनी नगरपालिकाको विपद व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ढ)“सरोकारवाला निकाय” भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद व्यवस्थापन र राहत कार्यमा संलग्न हुने वा हुन सक्ने सरकारी तथा गैर सरकारीनिकायहरु र सामुदायिक सङ्घ संस्थालाई सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्रसंघीय वा अन्य अन्तराष्ट्रिय सङ्घ संस्थालाई समेत सम्झनुपर्छ ।

**३. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको गठनः- (१)**नगरपालिका क्षेत्रभित्र प्राकृतिक एवं गैर प्राकृतिक विपदमा परेका नगरबासीहरुलाई राहत वितरण गर्न देहाय बमोजिमको राहत वितरण समिति रहनेछ ।

(क) नगर प्रमुख- संयोजक

(ख) नगर उप प्रमुख-सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(घ)वन वातावारण विपद् व्यवस्थापन समिति संयोजक- सदस्य

(ङ) पूर्वाधार बिकास शाखा प्रमुख-सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

(छ) जिन्सी शाखा प्रमुख - सदस्य

(ज) कृषि शाखा प्रमुख – सदस्य

(झ) विपद् व्यवस्थापन शाखा प्रमुख-सदस्य सचिब

(२) आवश्यकता अनुसार अन्य शाखाहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ|

**४. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकार**

(१) राहत वितरणको लागि आपतकालीन कोषमा आवश्यक रकम जम्मा गर्ने,

(२)राहत वितरण गर्दा प्राथमिकताको आधारमा राहत वितरण गर्न लगाउने,

(३)विषयगत क्षेत्रलाई विषयगत क्षेत्रको राहत सामाग्रीको सूची तयार गर्न लगाई सो अनुसार मात्र राहत वितरण गर्न लगाउने,

(४)नगरपालिका स्तरीय आपतकालीन कार्य संचालन केन्द्रको समन्वयमा राहत वितरण कार्य एकद्धार प्रणाली मार्फत गर्न लगाउने,

(५)आवश्यकता अनुसार वडास्तरमा वडास्तरीय राहत वितरण तथा समन्वय समितिहरु गठन गरी विषयगत क्षेत्रमा हुने राहत वितरणमा सहभागी गराउने,

(६)नगर विपद् व्यवस्थापन समितिसँग छलफल गरी केन्द्र मार्फत राहत रकम प्रभावितहरुको लागि उपलब्ध गराउने ।

(७)बिपदबाट क्षति भएका घर,टहरा निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम जिल्ला वन कार्यालय एवं स्थानिय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

**(५)राहत वितरणको लागि अपनाइने सिद्धान्तहरुः-**

नगरपालिकाले राहत वितरणका लागि निम्नानुसारका सर्बमान्य मानवीय सहयोग सम्बन्धी सिद्धान्तहरु आत्मसाथ गर्नुपर्नेछ ।

| मानवीयता | तटस्थता | निष्पक्षता | स्वतन्त्रता |
|---|---|---|---|
| राहत वितरणको उद्धेश्य जीउधन तथा स्वास्थ्य संरक्षण गर्ने रहनेछ। | राहत वितरण गर्दा नगरपालिकाले कुनै विशेष वर्ग, समुह, जाति, धर्म वा राजनीतिक आस्थाको पक्ष लिने छैन। | आपतकालीन आवश्यकतालाई ध्यानमा राख्दै कुनै पनि समुहको पक्ष लिइने छैन। | राहत वितरण कार्य कुनै पनि राजनीतिक, आर्थिक वा सैन्य उद्धेश्यसँग जोडिने छैन । |

माथिका सिद्धान्तहरु नगरपालिका तथा मानवीय सहयोग गर्ने संघसंस्थामा पनि लागु हुनेछ । यसका साथै मानवीय सहयोग उपलब्ध गराउनेसंघ संस्थाले राहत वितरण कार्य गर्दा राजनीतिक, धार्मिक साम्प्रदायिक,जातीय तथा साँस्कृतिक प्रभाव पार्न पाइने छैन । राहत वितरण गर्दा तपसिलका राष्ट्रिय तथा अन्तराष्ट्रिय
मापदण्डलाई आत्मसाथ गर्नुपर्नेछ|

१) मानवीय वडापत्र तथा मानवीय प्रतिकार्यका मापदण्ड (Sphere मापदण्ड)

२) आधारभूत मानवीय मापदण्ड

३) विपद् पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ (सातौं संशोधन २०७७)

## ६. विपद् प्रभावितको वर्गिकरण:

नगरपालिकामा आइपर्ने विपदबाट प्रभावितहरुको वर्गिकरण देहाय बमोजिम हुनेछ ।

(क.)आंशिक प्रभावित

प्राकृतिक वा मानव सिर्जित विपद् जस्तै: भुकम्प, बाढी, पहिरो, आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरङ्गीमा हुने फ्लु, सर्पदंश, जनावर आतङ्क आदिबाट सामान्य क्षति भएका व्यक्त्ति परिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन ।

ख.) प्रभावित:

प्राकृतिक वा मानव सृजित विपद् बाट प्रभावित भएकाहरु जस्तै:घरमा सामान्य क्षति भएका तर बस्नलायक, बाढीपहिरोले खेतवारी सामान्य क्षति पुर्याएका, आगलागी भई घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएकाहरु यस वर्गमा पर्दछन ।

(ग.) अति प्रभावित

प्राकृतिक वा मानव सृजित विपद् बाटप्रभावित भई जनधनको क्षति व्यहोरेका, परिवारका सदस्य मृत्यु भएका, बसोबास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङ्गभङ्ग भई जिविकोपार्जनका लागि अन्य माथी आश्रित हुन पुगेकाहरु यस वर्गमा पर्दछन ।

(घ)विशेष आवश्यकता भएका व्यक्तिहरु:ज्येष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्ति, विरामी, एकल महिला, सुत्केरी तथा गर्भवती महिला,
रोजगारीवा नियमित आयश्रोत नभएका परिवार, वालवालिका, सुकुम्वासी, आदि यस वर्गमा पर्दछन ।

(ङ)मौसम पूर्वानुमानको सूचनाको आधारमा संभाबित क्षति हुन सक्ने परिवार तथा नागरिकहरुपहिचान हुन सकेको खण्डमाअग्रिम नगद सहयोगगर्न सकिनेछ।

## ७. राहतको परिणाम:-

१. विपद पीडित उद्धार र राहत मापदण्डलाई आधार मानी विपद् प्रभावित व्यक्ति तथा परिवारलाई निम्नानुसारको राहत उपलब्ध गराइनेछ:

(क) दफा ६(क) बमोजिमको विपद प्रभावित व्यक्ति वा परिवारलाई सम्बन्धित वडाको सिफारिसमा बढीमा प्रति परिवार रु.५(पांच) हजार सम्म उपलब्ध गराउने ।

(ख) दफा ६(ख) बमोजिमको विपद प्रभावित व्यक्ति वा परिवारलाई सम्बन्धित वडाको सिफारिसमा बढीमा रु. ७ हजार सम्म उपल्बध गराउने ।

(ग) दफा ६(ग) बमोजिमको प्रभावित व्यक्ति वा परिवारलाई सम्बन्धित वडाको सिफारिसमा देहाय बमोजिम राहत उपलब्ध गराउने ।

अ. परिवारका एक जना सदस्यको मृत्यू भएमा रु २५(पच्चीस) हजार र थप प्रतिव्यत्ती रु १५(पन्ध्र) हजार

आ. घरवार विहिन भएका परिवारलाई प्रति परिवार १४(चौध) हजार

इ. अङ्गभङ्ग भएका परिवारलाई प्रति व्यत्ती ८ (आठ)हजार

ई. शारिरिक रुपमा घाइते भई उपचार रत अवस्थामा रहेका प्रति व्यत्ति १०(दश) हजार

उ. विपद्को घटनामा परी कुनै परिवारका सबै व्यक्तिको मृत्यु भएमा मृतकहरुको धर्म संस्कृति अनुसार परिवारको सतगत गर्नका लागि निजको नजिकको आफन्तलाई एकमुष्ट रु.२५(पच्चीस) हजार गराउने ।

उ. प्राकृतिक प्रकोप तथा मानविय कारणबाट पशु चौपाया तथा गोठको क्षति भएमा देहाय बमोजिम सहयोग गरिनेछ ।

| क्र स | आर्थिक सहयोग गर्ने क्षेत्र | रकम |
|---|---|---|
| १ | पशु गोठ नष्ट भएमा प्रति गोठ | बढीमा रु. ७(सात) हजार मात्र |
| २ | कुखुराको खोर नष्ट भएमा प्रति खोर | बढीमा रु. ५(पांच) हजार मात्र |
| ३ | गाई,गोरुतथा रागाँ, भैसीको मृत्यु भएमा प्रति गोटा | बढीमा रु. ५(पांच) हजार मात्र |
| ४ | बोका, बाख्रा, भेडा, बंगुरको मृत्यु भएमा प्रति गोटा | बढीमा रु. ३(तीन) हजार मात्र |
| ५ | हाँस कुखुरा मृत्यु भएमा प्रति गोटा | बढीमा रु. एक सय मात्र |
| ६ | माछा पोखरी ५०८ वर्ग मी. सम्म | बढीमा रु. ४(चार) हजार मात्र |
| ७ | माछा पोखरी ५०८ वर्ग मी. भन्दा बढी भएमा | बढीमा रु. पच्चीस हजार सम्म |

(घ) कुनै प्रकोपका घटनामा परी घाईते भएका बिरामीहरुलाई उपचारकालागि जिल्ला अस्पताल वा नजिकको स्वास्थ्य केन्द्रमा लैजानु पर्ने भए घाइते गरिब असहाय वा आर्थिक अवस्थामा कमजोर रहेछ भने त्यस्तो घाइतेलाई अस्पताल लैजादाको एम्बुलेन्स खर्च विपद व्यवस्थापन कोषबाट भुक्तानी गरिनेछ ।

(ङ) कृषि, पशुपंक्षी क्षेत्रका लाभग्राही तथा विपदका बखत विशेषगरी सुत्केरी, गर्भवती, बालबालिका, किशोरहरु र अपाङ्गता भएका व्यक्तिहरु लाइ राहत दिनु पर्ने भएमा सम्बन्धित शाखाको सिफारिसमा उपयुक्त राहतको व्यवस्था गर्ने ।

(२) दफा७को उपदफा (१)माजुनसुकै कुरा उल्लेख भए पनि विपत प्रभावितहरुको आवश्यकतालाई ध्यान दिइ विपद व्यवस्थापन समिति वा कार्यपालिकाको बैठकले निर्णय गरी राहत रकम वा अन्य वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ । यसैगरी विशिष्ट प्रकारको विपदको लागि प्रदान गरिने राहत रकम वा जिन्सि सामान उपलब्ध गराउन विपदको लेखाजोखा गर्न नगरपालिकाले प्राविधिक खटाउने छ र सो को आधारमा राहत वितरण गर्न सकिनेछ ।

## ८.राहतका लागि पेश गर्नु पर्ने कागजातहरु:-

(१) राहत सहयोगको लागि पिडितले निम्न कागजात संलग्न राखी निबेदन पेश गर्नु पर्ने छ:

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

(ग) वडा कार्यालयको सिफारीस पत्र ।

(घ)विपद् व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी ।

(ङ) वडा प्रतिनिधिको रोहवरमा भएको प्रहरी मुचुल्का ।

(च) घटना संग सम्बन्धीत तस्वीरहरु ।

## ९. आपतकालीन आश्रयस्थल, गैर खाद्य र खाद्य सामाग्री

(१.) घरमुलीको ६ जनाको परिवारलाई आधार मानेर निम्नासुसारको राहत सामाग्री उपलब्ध गराइने छ ।

| सामाग्रीको नाम | इकाई | जम्मा |
|---|---|---|
| त्रिपाल | थान | २(दुई) |
| नाइलन डोरी | | १(एक) |
| कम्बल | थान | २(दुई) |
| झुल | थान | २(दुई) |
| म्याट्रस | मीटर | ४ (चार) |
| किचन सेट | सेट | १(एक) |
| सारीको कपडा | | विपद् प्रभावित व्यत्तिहरुलाई आवश्यकताको आधारमा उपलब्ध गराउने |
| सर्टको कपडा | | |
| छिटको कपडा | | |
| पाप्लिन कपडा | | |
| झोला | | |

यसका अलावा अन्य सामानहरु जस्तै सोलार, बत्ती, ग्यास सिलिन्डर, तेल जस्ता सामाग्री पनि थप्न सकिनेछ।

(२.) **खाद्य सामाग्री ( तत्कालिन अवस्थामा -विपद् भएको ५ दिन सम्म पूर्ण खाद्य सामाग्री नभएको अवस्थामा )**

| सामाग्री | इकाइ | मात्रा (प्रतिव्यक्ति प्रतिदिन) |
|---|---|---|
| चिउरा | ग्राम | २५०(दुई सय पचास मात्र) |
| चाउचाउ | प्याकेट | १(एक) |
| बिष्कुट | प्याकेट | १(एक) |
| चिनि | ग्राम | १००(एक सय) |
| नुन | ग्राम | आवश्यकता अनुसार |

(३.) **खाद्य सामाग्री (५ दिन पछि )**

| सामाग्री | इकाई | १-५ जना सम्मको परिवार | ६-१० जना सम्मको परिवार | ११ जना भन्दा माथि भएको परिवार |
|---|---|---|---|---|
| चामल | केजी | २५(पच्चीस) | ५०(पचास) | ६०(साठी) |
| दाल | केजी | १ | २ | २.५ |
| तेल | लिटर | १ | २ | २.५ |
| नुन | केजी | १ | २ | २ |
| खुर्सानी धुलो | ग्राम | १०० | १५० | २०० |
| बेसार धुलो | ग्राम | १०० | १५० | २०० |
| मसला | ग्राम | १०० | १५० | २०० |
| हात धुने साबुन | थान | २ | ४ | ४ |

(४) मानवीय सहयोग मापदण्ड प्रभावितहरुको पहुँच निम्न वस्तुमा हुनेछ :

प्रति व्यक्ति प्रति दिन न्यूनतम २,१०० क्यालोरी प्राप्त हुने गरी खाद्यान्न सम्भव भएसम्म निश्चित समूहका व्यक्तिहरुका ( साना बालबालिका, एच.आई.भी. भएका, कुपोषित व्यक्तिहरु आदि ) लागि उनीहरुको आवश्यकतालाई पूरा गर्न सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था गर्न सकिने

## १०. राहतको तयारी, व्यवस्थापन तथा वितरण सम्बन्धी प्रकिया:-

(१) वडा स्तरीय विपद व्यवस्थापन समितिले लाभग्राहीहरुलाई सूचीकरण गरी समितिको निर्णय बमोजिम राहत वितरण गर्ने व्यवस्था मिलाइनेछ। विपद्को अवस्था अनुसार राहत प्राप्त गर्ने व्यक्तिको विवरण तत्काल संकलन गरिनेछ। तत्कालीन अवस्थामा राहत प्राप्त गर्न योग्य व्यक्तिको सूची एक दिनमा नै तयार गर्नुपर्नेछ। विषयगत क्षेत्रको राहतको लागि सूचीलाई परिमार्जन गर्न सकिनेछ।

(२) वडास्तरीय विपद् व्यवस्थापन समितिले बुझाएको राहत प्राप्त गर्ने विवरणलाई पालिकास्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समितिले पुनरावलोकन गर्न सक्नेछ।

(३) मानवीय क्षति तथा आश्रयस्थलको क्षति अनुसार प्रदान गरिने भनिएको राहत रकम नगरपालिका स्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समितिमार्फत गरिनेछ ।

(४) विषयगत क्षेत्रको राहत सामाग्री उपलब्ध हुने र भण्डारण गर्ने प्रक्रिया विषयगत क्षेत्रमा कार्यरत सदस्यहरुले उपलब्ध गराउने छन् ।

(५) आवश्यकता अनुसार पालिकाको राहत सामाग्री कक्षमा राहत भण्डारण गरिनेछ ।

(६) आपतकालीन कार्यसंचालन केन्द्रले नदोहोरिने किसिमबाट राहत वितरण योजना तयार गरिनेछ ।

(७) बन्दोवस्ती विषयगत क्षेत्रको अगुवाईमा र विषयगत क्षेत्रको समन्वयमा विषयगत क्षेत्रसँग सम्बन्धित राहत वितरण कार्य सम्पन्न गरिनेछ ।

(८) अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा राहत वितरण केन्द्रमा आउन नसक्ने व्यक्तिको लागि घरमा नै राहत सामाग्री उपलब्ध गराइनेछ ।

(९) राहत वितरण पश्चात राहत सामाग्री माथि लाभाग्राहीको सन्तुष्टि मापन गर्न सर्वेक्षण गरिने छ र त्यसबाट प्राप्त नतिजालाई आगामी दिनहरुमा राहत वितरण गर्दा ध्यान दिइने छ ।

(१०)दातृ निकाय,मानबीय सहायता संस्था वा कुनै प्रकृतिको गैर सरकारी संस्थाले राहत बितरण गर्दा राहत बितरण योजना नगरपालिकामापेशगर्नु पर्नेछ ।

**११. कारवाही सम्बन्धी व्यवस्था :-**

(१) झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो दिनु हुँदैन । यसको प्रतिकुल हुने गरी राहत लिएको भएमा वितरणको लागि सिफारिस गर्ने पदाधिकारी र लिने व्यक्तिबाट निजले सिफारिस गरेको हदसम्मको रकम निजहरुबाट असुलउपर गरिनेछ ।

**१२. राहत वितरण सम्बन्धी अभिलेख राख्नुपर्ने :-**

राहत वितरण भएको विवरणको अभिलेख वडा समिति कार्यालय मार्फत आपतकालीन कार्यसंचालन केन्द्रमा पठाउनु पर्नेछ र सो को विवरण आवश्यकता अनुसार जिल्ला, प्रदेश तथा केन्द्रिय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराइनेछ ।

**१३. विविध :-**

आपतकालीन अवस्थामा राहत वितरण गर्दा अन्तराष्ट्रिय अभ्यास अनुसार राहतको लागि नगद उपलब्ध गराउन प्रयास गरिनेछ । यद्यपि जिन्सी सामान उपलब्ध गराउने निर्णय भएमा आपतकालीन अवस्थाको लागि प्रचलित कानुनको अधीनमा रही छिटोभन्दा छिटो राहत सामाग्री उपलब्ध गराइनेछ ।

**१४. बाधा अडकाउ फुकाउने अधिकार :-**

यस मापदण्ड कार्यन्वयन गर्दा कुनै बाधा अडकाउ परेमा नगरकार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ। नेपालको प्रचलित अन्य कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**१५. खारेजी र बचाउ :-** राहत सहयोग सम्बन्धमा नगरकार्यपालिकाले यस अघि गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत